सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश **डा. श्री मनोजकुमार शर्मा**

माननीय न्यायाधीश **श्री महेश शर्मा पौडेल**

फैसला

**०७९-CR-१४४७**

**मुद्दाः-<u>डाँका।</u>**

प्रमोद दाहालको जाहेरीले नेपाल सरकार---------------------------------१ } <u>पुनरावेदक</u> वादी

**विरूद्ध**

कृष्णदेव राजवंशीको छोरा, जिल्ला मोरङ्ग जहदा गाउँपालिका वडा नं १ बुधनगर टोल बस्ने राजिव राजवंशी--------------------------------------१

मनोज राजवंशीको छोरा जिल्ला मोरङ्ग जहद गाउँपालिका वडा नं.१ बुधनगर टोल वस्ने दिपेशभन्ने दिपेन्द्र कुमार राजवंशी-------------------------------१

भोला राजवंशीको छोरा जिल्ला मोरङ्ग विराटनगर म.न.पा.वडा नं. १४ सरस्वती चोक बस्ने अल्टुल कुमार भन्ने धिरेन कुमार राजवंशी------------१

} <u>प्रत्यर्थी</u> प्रतिवादी

**<u>सुरु तहको फैसलाको विवरण</u>**

फैसला गर्ने अदालतः मोरङ जिल्ला अदालत

फैसला गर्ने न्यायाधीशः माननीय जिल्ला न्यायाधीश श्री शिशिरराज ढकाल

सुरु फैसला मितिः २०७८।०६।१२

**<u>पुनरावेदन तहको फैसलाको विवरण</u>**

फैसला गर्ने अदालत : श्री उच्च अदालत विराटनगर

फैसला गर्ने न्यायाधीशः माननीय न्यायाधीश श्री कृष्ण कमल अधिकारी

माननीय न्यायाधीश श्री मुरारीबाबु श्रेष्ठ

फैसला भएको मिति : २०७९।०५।२८

मुद्दा नं. : ०७८-CS-०९३४

न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम पुनरावेदनको रोहमा दर्ता भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

**तथ्यखण्ड**

१. मिति २०७७।८।२६ गते दिनको समयमा म आफ्नो मामा बिनोद अधिकारीको बिवाहमा बिराटनगर आउँदा मेरो भिनाजुको साथी उमेश वस्तीको नाममा रहेको को.२६प ५६४७ नम्बरको निलो कालो रङ्गको १५० सि.सि. को मोटरसाईकल चलाई आई उक्त मोटरसाईकल सोही विवाह घर अगाडी बाटोमा पार्किङ्ग गरी राखेको थिएँ।भोलिपल्ट बिहानको राती अं. ०२:०० बजेको समयमा मोटरसाईकल राखेको ठाउँमा आई हेर्दा नदेखे पश्चात यताउता खोजतलास गर्दा फेला नपरेको हुँदा तत्काल प्रहरीलाई मौखिक जानकारी गराएकोमा खोजतलासको क्रममा मिति २०७७।८।२७ गते बिहानको १०:०० बजेको समयमा मोटरसाइकल र चोरी गर्ने चोरहरु प्रहरीले पक्राउ गरी ल्याएको छ भन्ने जानकारी जिल्ला प्रहरी कार्यालय मोरङबाट पाई आई हेर्दा उल्लेखित मोटरसाईकल हेरी देखी चिनेर सनाखत समेत गरी दिएँ। यसरी विपक्षीहरुले आफ्नो हक अधिकार नपुग्ने अर्काको मोटरसाईकल चोरी गरेको हुँदा कानून बमोजिम कारवाही गरी मोटरसाईकल फिर्ता दिलाई भराई पाउँ भन्ने समेत बेहोराको प्रमोद दाहालको जाहेरी दरखास्त ।

२. जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. ३ स्थित पूर्वमा बिष्णु दाहालको खाली जग्गा, पश्चिममा हरिप्रसाद आपागाईको घर, उत्तरमा गोपाल साहको घर र दक्षिणमा आयल निगम बुध चौक जोड्ने कच्ची बाटो यति चार किल्ला भित्र रहेको पूर्वी मोहडा भएको तीनतले घरको दक्षिणतर्फ रहेको आँगनमा पार्किङ्ग गरी राखेको को.२६प ५६४७ नं. को मोटरसाईकल चोरी भएको भनी देखाएको घटनास्थल मुचुल्का ।

३. जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. ८ स्थित पूर्वमा राजेश अग्रवालको घर, पश्चिममा गोपाल श्रेष्ठको घर, उत्तर र दक्षिणमा हाटखोला देखि मधुमारा जोड्ने पक्की बाटो यति चार किल्ला भित्र रहेको बाटोमा अल्टुन राजबंशीले चलाई पछाडी राजीव राजबंशी र दिपेश राजबंशी समेत सवार को.२६प ५६४७ नं. को निलो कालो रङ्गको १५० सि.सि. मोटरसाईकल थान-१ बरामद गरेको भन्ने समेत बेहोराको बरामदी/खानतलासी मुचुल्का।

४. मिति २०७७।८।२६ गते रातीको समयमा मेरो साथी दिपेश राजबंशी र राजीव राजबंशीसँग रातीको अं.२२:०० बजेको समयमा भेटघाट भई बिराटनगर महानगरपालिका

वडा नं. ४ स्थित कंचनवारीतर्फ गएर पसलमा नास्ता खाई रातीसम्म सो एरियातर्फ घुमफिर गर्न गई घर फर्किने क्रममा राती जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. ३ स्थितमा बिवाह भई बिवाह घरमा धेरै मानिसहरुको जमघट भएको देखी हामी तिनै जना साथीहरु केही समय बिवाह हेरौं पार्किङ्ग गरी राखेको मोटरसाईकल समेत मौका मिल्दा चोरी गरी लैजाउँ भनि सरसल्लाह गरी हामी तिनै जना बिवाह घरमा बसी नाचगान रमाईलो हेरी हामी तिनै जना म लगायत दिपेश राजबंशी राजीव राजबंशी भई बिवाह घरको अगाडीपट्टि बाटोमा पार्किङ्ग गरी राखेको मोटरसाईकल र सानो गाडीहरु हेरी पार्किङ्ग गरेको स्थानको पश्चिमतर्फ एकान्त छेउमा को.२६प. ५६४७ नं. को मोटरसाईकल पार्किङ गरी राखेको अवस्थामा थियो। हामीले उक्त मोटरसाईकल चोरी गरी लैजाउँ भनी सरसल्लाह गरी हामी तिनै जना सहमत भई बिवाहघरको बिवाह मण्डपतिर सबै मानिसहरु भएको मौका पारी सो बेला मैले आफ्नो मोवाईलमा समय हेर्दा बिहानको ०२:०० बजेको थियो। हामी बिवाह मण्डपबाट बाहिर निस्की मोटरसाईकलको स्टार्ट हुने तार छुटाएर सिधै जोडी केही टाढासम्म मैले उक्त मोटरसाईकल डोर्याएँ भने दिपेश राजवंशी र राजीव राजवंशीले मोटरसाईकल पछाडीबाट, ठेल्दै लगी बिराटनगर इटहरी आवत जावत गर्ने सडकमा निस्की मैले मोटरसाईकल चलाई पछाडी दिपेश राजबंशी र राजीव राजबंशी बसी बिराटनगर महानगरपालिका वडा नं. ८ शान्ति चोकको सडक भएर घर जाँदै गरेको अवस्थामा राती अं. ०३:३० बजेको समयमा गस्तीमा रहेको प्रहरी टोलीले हामीलाई मोटरसाईकल सहित शान्ति चोकबाट पक्राउ गरी को.२६प ५६४७ नं. को मोटरसाईकल बरामद गरी म, राजीव राजवंशी र दिपेश राजबंशीलाई पक्राउ गरेको हो। वारदातमा म, राजीव राजबंशी र दिपेश, राजबंशी मात्र थियौं भन्ने समेत बेहोराको प्रतिवादी अल्टुन राजबंशी भन्ने अल्टुनकुमार राजबंशीले अधिकार प्राप्त अधिकारी समक्ष लेखाई दिएको बयान ।

५. मिति २०७७।८।२६ गते रातीको २१:०० बजेको समयमा म र मेरो साथी दिपेश राजबंशी भएर घरबाट सम्पर्क गर्दै साथी अल्टुन राजबंशीलाई भेट्नको लागी जिल्ला मोरङ कटहरी गाउँपालिका वडा नं. २ स्थित कटहरी चौकमा आउँदा साथी अल्टुन राजबंशीसँग भेट भई घुमफिर गरी कटहरी चौकबाट हामी अटोमा सवार गरी बिराटनगर बसर्पाकमा गएर कंचनवारीतर्फ जाँदै गरेको अटोबाट कंचनवारी नजिक ओर्लि सो स्थानमा रहेको होटलमा बसी नास्ता खाएर घुमफिर गर्दै घरतर्फ आउनलाई पैदल आउँदै गर्दा जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. ३ स्थितमा बिवाह भएको देखी उक्त बिवाह घरमा धेरै

मानिसहरुको जमगढ भएको थियो म लगायत म सँगै पक्राउ परेका साथीहरु केही समय बिवाह हेरौं, पार्किङ्ग गरी राखेको मोटरसाईकल समेत मौका मिल्दा चोरी गरी लैजाउँ भनि सरसल्लाह गरी हामी तिनै जना बिवाह घरमा बसी नाचगान रमाईलो हेरी हामी तिनै जना म लगायत दिपेश राजबंशी र अल्टुन राजबंशी भई बिवाह घर अगाडीपट्टी खाली जमिन बाटोमा पार्किङ्ग गरी राखेको मोटरसाईकल र सानो गाडीहरु पार्किङ्ग गरेको स्थानको पश्चिमतर्फ एकान्त छेउमा को २६ प ५६४७ नं. को मोटरसाईकल पार्किङ गरि राखेको अवस्थामा उक्त मोटरसाईकल म, साथी अल्टुन राजबंशी र दिपेश राजबंशीले चोरी गरी लैजाउँ भनि सरसल्लाह गर्दा अल्टुन राजबंशीले हुन्छ भनि सहमत भई बिवाह घरको बिवाह मण्डपतिर सबै मानिसहरु भएको मौका पारी, हामी बिवाह मण्डपबाट बाहिर निस्की मोटरसाईकलको स्टार्ट हुने तार मैले छुटाएर सिधै जोडी केही टाढासम्म अल्टुन राजबंशीले डोर्याई दिपेश राजबंशी र मैले मोटरसाईकल पछाडीबाट ठेल्दै लगी बिराटनगर इटहरी आवतजावत गर्ने सडकमा निस्की अल्टुन राजबंशीले उक्त चोरी गरेको मोटरसाईकल चलाई पछाडी दिपेश राजबंशी र म बसी बिराटनगर महानगरपालिका वडा नं. ८ शान्ति चोकको सडक भएर घरतर्फ जाँदै गरेको अवस्थामा शान्ति चोकबाट राती अं. ०३:३० बजेको समयमा प्रहरीले हामीलाई मोटरसाईकल सहित पक्राउ गरी उक्त को. २६ प. ५६४७ नं. को मोटरसाईकल बरामद गरेको हो। वारदातमा म, अल्टुन राजबंशी र दिपेश राजबंशी मात्र थियौं भन्ने समेत बेहोराको प्रतिवादी राजीव राजबंशीले अधिकार प्राप्त अधिकारी समक्ष लेखाई दिएको बयान।

६. मिति २०७७।८।२६ गते रातीको २१:०० बजेको समयमा म र मेरो साथी राजीव राजबंशी साथी अल्टुन राजबंशीले बोलाएको छ, नास्ता खान जानुपर्छ राती भयो भने साथीको घरमा बसौंला भनि अल्टुन राजबंशीलाई भेट्नको लागी जिल्ला मोरङ कटहरी गाउँपालिका वडा नं. २ स्थित कटहरी चौकमा आउँदा भेट भई हामी जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. ४ स्थित कंचनवारी चौकतर्फ जाउँ कुनै मोटरसाईकल फेला पर्यो भने झ्याप हान्नुपर्छ भनि अल्टुन राजबंशीले भने पश्चात हामी तिनै जना सहमत भई कटहरी चौकबाट अटोमा सवार गरी बिराटनगर बसपार्कमा गएर कंचनवारीतर्फ जाने अटोमा चढी कंचनवारी नजिक ओर्ली होटलमा बसी नास्ता खाएर घुमफिर गर्दै घरतर्फ आउनलाई पैदल आउँदै गर्दा जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. ३ स्थितमा बिवाह भएको रहेछ, उक्त बिवाह घरमा धेरै मानिसहरुको जमगढ भएको देखी म लगायत म सँगै पक्राउ परेका साथीहरु केही समय बिवाह हेरौं पार्किङ्ग गरी राखेको मोटरसाईकल समेत मौका

मिल्दा चोरी गरी लैजाउँ भनि सरसल्लाह गरी हामी तिनै जना बिवाह घरमा बसी नाचगान रमाईलो हेरी हामी तिनै जना भई बिवाह घर अगाडीपट्टी खाली जमिन बाटोमा पार्किङ्ग गरी राखेको मोटरसाईकल र सानो गाडीहरु पार्किङ्ग गरेको स्थानको पश्चिमतर्फ एकान्त छेउमा को. २६ प. ५६४७ नं. को मोटरसाईकल पार्किङ गरी राखेको उक्त मोटरसाईकल चोरी गरी लैजाने भनि रातीको समयमा सबै मानिसहरु बिवाहतिर भएको मौका पारी हामी बिवाह मण्डपबाट बाहिर निस्की मोटरसाईकलको स्टार्ट हुने तार साथी राजीव राजबंशीले छुटाएर सिधै जोडी केही टाढासम्म अल्टुन राजबंशीले डोर्‍याई राजीव राजबंशी र मैले मोटरसाईकल पछाडीबाट ठेल्दै लगी बिराटनगर इटहरी आवतजावत गर्ने सडकमा निस्की अल्टुन राजबंशीले उक्त चोरी गरेको मोटरसाईकल चलाई पछाडी राजीव राजबंशी र म बसी बिराटनगर महानगरपालिका वडा नं. ८ शान्ति चोकको सडक भएर घरतर्फ जाँदै गरेको अवस्थामा शान्ति चोकमा प्रहरीले रोकी सोधखोज गरी उक्त को. २६ प. ५६४७ नं. को मोटरसाईकल बरामद गरी म अल्टुन राजबंशी र राजीव राजबंशीलाई पक्राउ गरेको हो। वारदातमा म, अल्टुन राजबंशी र राजीव राजबंशी मात्र थियौं भन्ने समेत बेहोराको प्रतिवादी दिपेश भन्ने दिपेन्द्रकुमार राजबंशीले अधिकार प्राप्त अधिकारी समक्ष लेखाई दिएको बयान ।

७. मेरो विवाह मिति २०७७।८।२६ गते रातीको लगन भएकाले मैले बिवाहमा मेरो भान्जा प्रमोद दाहाललाई समेत निम्तो गरेकोमा भान्जा प्रमोद दाहाल मिति २०७७।८।२६ गते रातीको समयमा बिवाहमा आएका थिए।म आफु वेहुलो भएकाले बिवाहमा बसी आफ्नो बिवाहको कार्य गरिरहेको अवस्थामा बिवाहमा आएका निम्तालुहरुको भिडभाड थियो।घर अगाडी बिवाहमा आउने मानिसहरुको गाडीहरु पार्किङ्ग गरी राखेको स्थानबाट मिति २०७७।८।२७ गते बिहानको राती अं.०२:०० बजेको समयमा चोरी भएको भन्दा थाहा पाएर मेरो दाजु समेत भएर खोजतलास गरेकोमा खोजतलास गर्दा समेत फेला नपरे पश्चात जाहेरवाला प्रमोद दाहाल र मेरो दाजु बिनोद अधिकारी समेत भएर जिल्ला प्रहरी कार्यालय जाँदा प्रहरीले राती मोटरसाईकल सहित चोर पक्राउ गरेको छ भनि हेर्दा जाहेरवालाले चलाई बिवाहमा ल्याएको को. २६ प. ५६४७ नं. को मोटरसाईकल चोरी गर्ने प्रतिवादीहरु दिपेश राजबंशी, राजीव राजवंशी र अल्टुन राजबंशीलाई पक्राउ गरेको रहेछ।उक्त मोटरसाईकल जाहेरवालाको नाताको व्यक्ति उमेश वस्तीको जाहेरवालाले मागी ल्याएको भन्दा थाहा पाएको हुँ कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत बेहोराको प्रकाश प्रतिवादीहरुलाई अधिकारीले लेखाई दिएको घटना विवरण कागज।

८. मिति २०७७।८।२६ गते बेलुकीको समयमा जाहेरवालाको मामा बिनोद अधिकारीको भाई प्रकाश अधिकारीको बिवाह भएकाले उक्त बिवाहमा जाहेरवाला प्रमोद दाहाल को. २६ प. ५६४७ नम्बरको मोटरसाईकल लिएर बिवाहमा आई म समेत बिवाहमा गएको अवस्थामा बिवाह घर अगाडी पार्किङ्ग गर्ने स्थानमा को. २६ प. ५६४७ नम्बरको मोटरसाईकल राखी बिवाहमा हामी भोजभतेर खाई मिति २०७७।८।२७ गते बिहानको ०२:०० बजेको समयमा जाहेरवालालाई मेरो घरतर्फ म सूत्न जाने मलाई मोटरसाईकलमा पुयाई दिनु भनि जाहेरवालालाई भने पश्चात जाहेरवाला र म समेत भएर मोटरसाईकल पार्किङ्ग गरी राखेको स्थानमा गएर हेर्दा मोटरसाईकल पार्किङ्ग गरी राखेका स्थानमा नभए पश्चात म समेत भएर यताउता खोजतलास गर्दा उक्त मोटरसाईकलं नभेटाए पश्चात चोरी भयो भन्दै उक्त राती जाहेरवाला सँग गफगाफ गर्दै म घरतर्फ आएँ भने जाहेरवाला बिवाह घरमा बसी मिति २०७७।८।२७ गते बिहानको समयमा चियानास्ता खाएर प्रहरीमा जानकारी गराउन जाने तयारी हुदै गर्दाको अवस्थामा राती प्रहरीले मोटरसाईकल सहित चोर पक्राउ गरेको छ भन्ने खबर सुनी प्रहरीमा आई बुझ्दा को. २६ प. ५६४७ नम्बरको मोटरसाईकल चोरी गर्ने प्रतिवादीहरु दिपेश राजबंशी, राजीव राजबंशी र अल्टुनकुमार राजबंशी समेतलाई देखेको हुँ, प्रतिवादीहरुले रातीको समयमा बिवाहमा जाहेरवाला समेत व्यस्त भएको मौका पारी को. २६ प. ५६४७ नम्बरको मोटरसाईकल योजना बनाई लक तोडी चोरी गरेको हुँदा प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत बेहोराको दिवश दाहालले लेखाई दिएको घटना विवरण कागज ।

९. मेरो भाई प्रकाश अधिकारीको मिति २०७७।८।२६ गते रातीको बिवाह भएको हुँदा सो विवाहमा मेरो भान्जा जाहेरवाला प्रमोद दाहाललाई समेत निम्तो मान्नलाई को. २६ प. ५६४७ नं. को मोटरसाईकल लिएर मेरो घरमा आई बिवाहमा भोजभतेर खाएर बिवाह हेर्दै बिवाहमा काम सघाउ पघाउ गरी मिति २०७७।८।२७ गते बिहानको राती अं.०२:०० बजेको समयमा जाहेरवाला साथीलाई घरसम्म लगी दिनको लागी मोटरसाईकल रहेको स्थानमा जाँदा पार्किङ्ग गरी राखेको स्थानबाट को. २६ प. ५६४७ नं. को मोटरसाईकल चोरी भयो भन्ने हल्ला हुँदा म समेत गएर उक्त मोटरसाईकल खोजतलास गर्दा फेला नपरे पश्चात मैले जाहेरवालालाई जिल्ला प्रहरी कार्यालय मोरङमा गएर निवेदन दिनु पर्छ भनि उक्त राती बिवाहमा नै व्यस्त भई मिति २०७७।८।२७ गते बिहानको समयमा जिल्ला प्रहरी कार्यालयतर्फ आउँदै गर्दा बाटोमा प्रहरीले राती मोटरसाईकल सहित चोर पक्राउ गरेको छ

भन्ने सुनी जिल्ला प्रहरी कार्यालय मोरङमा आउँदा जाहेरवालाले चलाई बिवाहमा ल्याएको को. २६ प. ५६४७ नं. को मोटरसाईकल चोरी गर्ने प्रतिवादीहरु दिपेश राजबंशी, राजीव राजबंशी र अल्टुन राजबंशीलाई पक्राउ गरेको रहेछ। उक्त मोटरसाईकल जाहेरवालाको नाताको व्यक्ति उमेश वस्तीको जाहेरवालले मागी ल्याएको भन्दा थाहा पाएको हुँ। प्रतिवादीहरुले बिवाहमा व्यस्त भएको मौका पारी योजना बनाई चोरी गरेको हुँदा प्रतिवादीहरुलाई चोरीमा कारवाही हुनुपर्छ भन्ने समेत बेहोराको बिनोद अधिकारीले लेखाई दिएको घटना विवरण कागज ।

१०. म आफुले आफ्नो घरायसी काम काज गर्नको लागि करिब २ बर्ष अगाडी देखि को. २६ प. ५६४७ नं. को मोटरसाईकल चलाई आएकोमा जाहेरवाला प्रमोद दाहालले म सँग मेरो बिराटनगरमा मामा घरमा बिवाह छ म उक्त बिवाहमा पुगेर आउनको लागि मोटरसाईकल दिनु भनि मागे पश्चात मैले पनि मेरो चिनजानको साथी भएकाले निजलाई मिति २०७७।८।२६ गते बेलुकी पख दिएकोमा जाहेरवालाले उक्त मोटरसाईकल लिएर गए पश्चात मिति २०७७।८।२७ गते बिहानको समयमा मलाई जाहेरवालाले मोटरसाईकल चोरी भयो खोजतलासको क्रममा प्रहरीले चोर सहित पक्राउ गरेको भने पछी म समेतले बुझ्दा को. २६ प. ५६४७ नं. को मोटरसाईकल जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. ३ स्थित बिवाह घरको अगाडीबाट चोरी गरी प्रतिवादीहरु दिपेश राजबंशी, राजीव राजबंशी र अल्टुनकुमार राजबंशी समेतलाई प्रहरीले पक्राउ गरेको हुँदा प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत बेहोराको उमेश वस्तीले लेखाई दिएको घटना विवरण कागज ।

११. मलाई गाउँघरमा सबैले अल्टुन कुमार राजबंशी भनी बोलाउने र उक्त नामले म परिचित रहेको हुँदा मैले बयानमा समेत आफ्नो नाम धिरेनकुमार राजबंशी लेखाउनु पर्नेमा अल्टुनकुमार राजवंशी लेखाएको हुँ। मेरो खास नाम धिरेनकुमार राजबंशी हो भन्ने समेत बेहोराको प्रतिवादी धिरेनकुमार राजबंशीले लेखाई दिएको ततिम्वा बयान ।

१२. मलाई गाउँघरमा सबैले दिपेश राजबंशी भनी बोलाउने र मलाई दिपेश नामले मात्र चिन्ने हुँदा मैले केही फरक पर्दैन होला मलाई दिपेश राजबंशी भनी बोलाउँदा थाहा भई हाल्छ भनी दिपेश राजबंशी नाम लेखाएको हुँ। मेरो खास नागरिकतामा भएको नाम दिपेन्द्रकुमारराजबंशी हो भन्ने समेत बेहोराको प्रतिवादी दिपेन्द्रकुमार राजवंशीले लेखाई दिएको ततिम्वा बयान ।

१३. बजाज कम्पनीको १५० सि.सि. को २०१९ सालमा बनेको को. २६ प. ५६४७ नं. को मोटरसाईकलको मुल्य रु.२,०१,०००।- (दुई लाख एक हजार मात्र) पर्छ भन्ने समेत बेहोराको तम्मर रिकण्डिसन हाउस कर्सिया बजारको मुल्य खुलाएको पत्र ।

१४. मिसिल सम्लग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, वरामदी/खानतलासी मुचुल्का, प्रतिवादीहरुले गरेको वयान तथा ततिम्वा बयान, मौकामा बुझिएका मानिसहरुले लेखाई दिएको कागज एवं मुल्य खुलाई पठाएको पत्र तथा समेतका कागजातहरुबाट प्रतिवादीहरु अल्टुनकुमार राजबंशी भन्ने धिरेनकुमार राजबंशी, राजीव राजबंशी र विशु चौधरीले आपसी मिलेमतो गरी मूल्य रु.२,०१,०००।- पर्ने जाहेरवालाको को. २६ प. ५६४७ नं. को मोटरसाईकल डाँका गरेको पुष्टि भएकोले निज प्रतिवादीहरु अल्टुनकुमार राजवंशी भन्ने धिरेनकुमार राजवंशी, राजीव राजबंशी र दिपेश भन्ने दिपेन्द्रकुमार राजबंशीलाई मुलुकी अपराध संहिता २०७४ को दफा २४४ को उपदफा (१) र (२) को देहाय (घ) को कसुरमा ऐ.ऐ. को दफा २४४ को उपदफा (३) को देहाय (ख) बमोजिम पाँच वर्षदेखि दश वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गरी पाउन तथा ऐ. संहिताको दफा २४७ बमोजिम बरामद भएको को. २६ प. ५६४७ नं. बरामदित मोटरसाईकल थान-१ जाहेरवाला प्रमोद दाहाललाई फिर्ता दिलाई पाउँ भन्ने व्यहोराको अभियोग माग दावी ।

१५. जाहेरी व्यहोरा झुठो हो। मिति २०७७।८।२६ गते खाना खाएर आफ्नै घरमा सुतेको थिएँ। मिति २०७७।८।२७ गते बिहान ९ बजे घरमा बसीरहेको अवस्थामा मलाई प्रहरीले पक्राउ गरी लगेको हो। मैले जाहेरवालाको मोटरसाइकल चोरी गरेको छैन। मेरो साथबाट उक्त मोटरसाइकल बरामद भएको हैन, म निर्दोष छु भन्ने समेत व्यहोराको प्रतिवादी दिपेश भन्ने दिपेन्द्र कुमार राजवंशीले सुरु जिल्ला अदालतमा गरेको बयान ।

१६. जाहेरी व्यहोरा झुठो हो। बारदात मिति समयमा म आफ्नै घरमा थिए। मिति २०७७।८।२७ गते बिहान ९:३० बजे तिर डियूटी जानलाई ठिक परी रहेको अवस्थामा मलाई घरबाट प्रहरीले पक्राउ गरी लगेको हो। मैले जाहेरवालाको मोटरसाइकल चोरी गरेको छैन। मेरो साथबाट उक्त मोटरसाइकल बरामद भएको हैन, म निर्दोष छु भन्ने समेत व्यहोराको प्रतिवादी अल्टुनकुमार राजवंशी भन्ने धिरेनकुमार राजवंशीले सुरु जिल्ला अदालतमा गरेको बयान ।

१७. जाहेरी व्यहोरा झुठो हो।स्कुटी दुर्घटना भई म घरमै आरम गरिरहेको थिए।मिति २०७७।८।२६ गते राती म खाना खाई आफ्नै घरमा सुतिरहेको थिए।मिति २०७७।८।२७ गते बिहान ९ बजे घरमा बसीरहेको अवस्थामा मलाई प्रहरीले पक्राउ गरी लगेको हो।मैले जाहेरवालाको मोटरसाइकल चोरी गरेको छैन।मेरो साथबाट उक्त मोटरसाइकल बरामद भएको हैन, म निर्दोष छु भन्ने समेत व्यहोराको प्रतिवादी राजीव राजवंशीले सुरु जिल्ला अदालतमा गरेको बयान।

१८. सुरु जिल्ला अदालतको मिति २०७७/०९/२३ को आदेशानुसार प्रतिवादी अल्टुनकुमार राजवंशी भन्ने धिरेनकुमार राजवंशी, राजीव राजवंशी र दिपेश भन्ने दिपेन्द्र कुमार राजवंशीलाई मुद्दा पुर्पक्षका लागि थुनामा राख्ने आदेश भई कारागार कार्यालय मोरङ विराटनगरमा थुनामा रहेको ।

१९. प्रतिवादी राजीव राजवंशीलाई म बच्चादेखि नै चिन्दछु, निजको चालचलन बानी व्यहोरा राम्रो छ।निजले जाहेरवालाको मोटरसाइकल चोरी गरेका छैनन्।निजमाथि उक्त आरोप किन लगाइयो मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी राजीव राजवंशीको साक्षी रघुनाथ राजवंशीले सुरु जिल्ला अदालतमा गरेको बकपत्र।

२०. प्रतिवादी दिपेश भन्ने दिपेन्द्रकुमार राजवंशीलाई बाल्यकालदेखि नै चिन्दछु।निजले जाहेरवालाको मोटरसाइकल चोरी गरेका छैनन्।निजमाथि उक्त आरोप मात्र लगाइएको हो भन्ने समेत व्यहोराको प्रतिवादी दिपेश भन्ने दिपेन्द्रकुमार राजवंशीको साक्षी गुजानन्द राजवंशीले सुरु जिल्ला अदालतमा गरेको बकपत्र ।

२१. प्रतिवादी धिरेनकुमार राजवंशीलाई सानैदेखि चिन्दछु।यी प्रतिवादीले मोटरसाइकल चोरी गरेको हैनन्।निजमाथि लगाईएको आरोप झुठा हो भन्ने समेत व्यहोराको प्रतिवादी अल्टुनकुमार राजवंशी भन्ने धिरेनकुमार राजवंशीको साक्षी चन्द्रशेखर चौधरी सुरु जिल्ला अदालतमा गरेको बकपत्र ।

२२. मिति २०७७।८।२७ को बरामदी खानतलासी मुचुल्का म समेतले नै तयार पारे, जिल्ला प्रहरी कार्यालय मोरङमा चढाएको प्रतिवेदन समेत हामी प्रतिवेदकले नै पेश गरेको हो।बरामदी मुचुल्कामा उल्लेखित मिति समय र स्थानमा को. २६ प. ५६४७ नं. को मोटरसाइक तीन जना प्रतिवादीहरु सवार भएको अवस्थामा बरामद गरेका हौ भन्ने समेत व्यहोराको प्रतिवेदक उज्जवल खड्गीले सुरु जिल्ला अदालतमा गरेको बकपत्र ।

२३. मिति २०७७।८।२७ को बरामदी खानतलासी मुचुल्का र प्रतिवेदन म समेतले तयार गरी सहीछाप गरी जिल्ला प्रहरी कार्यालय मोरङमा पेश गरेको हौ।उक्त को. २६ प. ५६४७ नं. को मोटरसाइकल अल्टुन राजवंशीले चलाई राजीव राजवंशी र दिपेश राजवंशी पछाडी सवार भई आईरहेको अवस्थामा मिति २०७७।८।२७ गते दिनको १२:०० बजेको समयमा जिल्ला मोरङ बिराटनगर म.न.पा.वडा नं. ८ स्थित शान्तीचौकमा फेला पारी बरामद गरेका हौं भन्ने समेत व्यहोराको प्रतिवेदक भुवनराज खतिवडाले सुरु जिल्ला अदालतमा गरको बकपत्र।

२४. जाहेरी दरखास्त, बरामदी मुचुल्का, प्रतिवादीहरु राजीव राजवंशी समेतको वयान, जाहेरवाला तथा प्रहरी प्रतिवेदकको यस अदालत समक्ष भएको बकपत्र समेतका प्रमाणहरुबाट प्रतिवादीहरु अल्टुन कुमार राजवंशी भन्ने धिरेन कुमार राजवंशी, राजीव राजवंशी तथा दिपेश भन्ने दिपेन्द्र कुमार राजवंशीले जाहेरवालाको मोटरसाइकल चोरी गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(१) र (२) को देहाय (घ) बमोजिमको कसूर गरेको ठहरी प्रतिवादीहरु अल्टुन कुमार राजवंशी भन्ने धिरेन कुमार राजवंशी, राजीव राजवंशी र दिपेश भन्ने दिपेन्द्र कुमार राजवंशीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(३) (ख) बमोजिम जनही ५ (पाँच) वर्ष कैद र रु.५०,०००।- (पचास हजार) जरीवाना हुने र बरामद मोटरसाइकल जाहेरवालालाई फिर्ता दिलाई दिने ठहर्छ भन्ने सुरु मोरङ्ग जिल्ला अदालतबाट मिति २०७८।०६।१२ मा भएको फैसला ।

२५. सुरु अदालतले फैसला गर्दा अनुसन्धान अधिकारी समक्ष प्रतिवादीहरु आफु सावित हुदै एक आपसमा पोल गरी भएको भनिएको बयानलाई आधार लिएर हामीलाई कैद तथा जरिवाना हुने गरी सजाय गरिएको छ जुन त्रुटिपुर्ण छ किनकी अनुसन्धान अधिकारी समक्ष भएको बयान हामीलाई पढी वाची नसुनाई सहिछाप गर्न लगाएको हो जुन बयान स्वतन्त्र रुपले भएको होइन।अदालतमा बयान गर्दा कसूरमा संलग्नतालाई पूर्ण रुपमा इन्कार भई भएको र अन्य स्वतन्त्र प्रमाणले उक्त वारदातमा हाम्रो संलग्नता र सहभागिता देखाउन सकेको अवस्था छैन। हामीबाट मोटरसाइकल बरामद भएको हैन।हामीले चलाई आएको होइन।३ जनाको संख्यालाई जसरी कसूर कायम तथा सजाय निर्धारणको आधारको रुपमा ग्रहण गरिएको छ।उक्त कुरा कानूनको व्याख्यात्मक रुपमा समेत त्रुटिपुर्ण रहेको छ।मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(२) (क),(ख),(ग) को अवस्था विद्यमान नरहेको, वारदात उक्त दफाको (घ) अर्थात संख्या मात्र हुदैमा डाँका नभई साधारण चोरीको वारदात

सम्म हुने भन्ने कानूनको मनसाय विपरित हाम्रो संलग्नता समेत पुष्टि नभएको अवस्थामा हामीलाई कसूरदार कायम गरी ५ वर्ष कैद र रु.५०,०००।- जरिवाना गरी भएको सुरु मोरङ्ग जिल्ला अदालतको फैसला त्रुटिपुर्ण हुँदा उक्त फैसला बदर गरी अभियोग दावीबाट सफाई दिलाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी राजिव राजवंशी र दिपेश भन्ने दिपेन्द्र कुमार राजवंशीको पुनरावेदन पत्र।

२६. यसमा घट्ना वारदातको प्रकृति एवं सो सँग सम्बन्धित कानूनको व्याख्याको रोहमा सुरु अदालतको फैसला विचारणीय देखिंदा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १४०(३) तथा उच्च अदालत नियमावली, २०७३ को नियम ११२ बमोजिम छलफल प्रयोजनार्थ उच्च सरकारी वकिल कार्यालय विराटनगरलाई पुनरावेदनको प्रतिलिपी साथै राखी पेसीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने उच्च अदालत विराटनगरको मिति २०७९।०५।१४ गतेको आदेश ।

२७. सुरु जिल्ला अदालतबाट भएको फैसला उपर प्रतिवादी मध्येका अल्टुन कुमार राजवंशी भन्ने धिरेन कुमार राजवंशीको पुनरावेदन परेको देखिदैन।राजिव राजवंशी समेतका प्रतिवादीहरुले गरेको पुनरावेदनको रोहबाट निजहरुले अभियोग दावी बमोजिमको डाँकाको कसूर गरेको नभई चोरीको कसूरसम्म गरेको देखिएबाट यी पुनरावेदन नगर्ने प्रतिवादी अल्टुन कुमार राजवंशी भन्ने धिरेन कुमार राजवंशीको हकमा समेत मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १४४ को उपदफा (२) ले गरेको कानूनी व्यवस्था अनुरुप इन्साफ गर्न मिल्ने नै देखिंदा निजका हकमा समेत सुरु अदालतबाट डाँकाको कसूर गरेको भनी दावी गरी सजाय भै रहेकोमा निजले समेत डाँकाको कसूर गरेको नभई चोरीको कसूरसम्म गरेको देखिंदा निज प्रतिवादीहरुलाई डाँकाको कसूर गरेको भनी मिति २०७८।०६।०७ मा कसूर कायम गरी मिति २०७८।०६।१२ मा सजाय निर्धारण गरी सुरु मोरङ जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म मिलेको नदेखिंदा केही उल्टी भई प्रतिवादीहरुले चोरीको कसूर गरेको ठहर्छ।सो ठहर्नाले निज प्रतिवादीहरु राजीव राजवंशी, दिपेश भन्ने दिपेन्द्र कुमार राजवंशी एवं मुलुकी अपराध संहिता, २०७४ को दफा १४४(२) बमोजिम पुनरावेदन नगर्ने प्रतिवादी अल्टुन कुमार राजवंशी भन्ने धिरेन कुमार राजवंशी समेतलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४२(२) बमोजिम जनही २ (दुई) वर्ष कैद र रु.२०,०००।- (वीस हजार रुपैया जरिवाना हुने ठहर्छ भन्ने समेत वेहोराको उच्च अदालत विराटनगरबाट मिति २०७९।०५।२८ मा भएको फैसला।

२८. प्रतिवादीहरु मध्येका अल्टुन कुमार भन्ने धिरेन कुमार राजवंशीले मोटरसाइकल डोऱ्याइ बाँकी दुईजना दिपेश राजवंशी र राजिव राजवंशीले धकेल्दै मोटरसाइकल इटहरी विराटनगर सडक खण्डमा निकाली अल्टुन कुमार भन्ने धिरेनकुमार राजवंशीले चलाई दिपेश राजवंशी र

राजिव राजवंशी पछाडि बसी चलाई रहेको अवस्थामा प्रहरीले पक्राउ गरेको भन्ने प्रतिवादीहरुको बयान, प्रतिवादीहरुको सहिछाप सहितको वरामदी मुचुल्का, जाहेरवलाले चोरी भएको आफ्नो मोटरसाइकल हेरी चिनि गरिदिएको सनाखत कागज, एंवम तीन जना वा सो भन्दा बढिको जमात भई चोरी गरेमा त्यस्तो चोरीलाई डाँका चोरी मानिने भनि मुलुकी अपराध संहिताको दफा २४४ (२) (घ) मा उल्लिखीत स्पष्ट कानुनी व्यवस्था समेतका मिसिल कागज प्रमाणहरुबाट प्रतिवादीहरुले आपसी मिलेमतो र मत सल्लाहमा डाँका चोरी गरेको तथ्य पुष्टी भएकोमा प्रतिवादीहरुले गरेको डाँका चोरीको कसूरलाई अन्य प्रकृतीको चोरी भनी भएको फैसला कानुन व्याख्याको स्थापित सिद्दान्त, नजिर र विधायिकी मनसाय विपरित भएकाले सो फैसला बदर गरी प्रतिवादीहरुलाई अभियोग मागदावी अनुसार सजाय हुन सम्मानित अदालत समक्ष सादर अनुरोध छ भन्ने समेत वेहोराको वादी नेपाल सरकारले यस अदालतमा दायर गरेको पुनरावेदन पत्र।

२९. यसमा प्रतिवादीहरु तीनजना भई जाहेरवालाको मोटरसाइकल चोरी गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ (१),(२) (घ) को डाँका तर्फको कसूरमा ऐ. दफा २४४ (३) (ख) को सजायको अभियोग दावी रहेकोमा चोरी तर्फको सजाय गर्ने गरी भएको उच्च अदालत विराटनगरको मिति २०७९।५।२८ को फैसलामा उल्लेखित दफा २४४(२) (घ) तथा दफा २४४(३)(ख) को रोहमा फरक पर्न सक्ने देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) एवम् सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ६७ को प्रयोजनार्थ प्रतिवादीहरुलाई झिकाई, पेसीको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई नियमानुसार पेस गर्नुहोला भन्ने यस अदालतबाट मिति २०८२।०१।१९ मा भएको आदेश।

## यस अदालतको ठहर

३०. नियमानुसार पेशी सूचीमा चढी सुनुवाईका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन सहितका मिसिल संलग्न कागजात अध्ययन गरियो ।

३१. पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री कैलाश के.सी.ले मुलुकी अपराध संहिताको दफा २४४ (२) (घ) मा तीन जना वा सो भन्दा बढिको जमात भई चोरी गरेमा त्यस्तो चोरीलाई डाँका चोरी मानिने भनी स्पस्ट कानूनी व्यवस्था रहेकोमा सो कानूनी व्यवस्था प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई कम सजाय गर्ने गरेको उच्च अदालतको फैसला कम सजाय गरेको हदमा बदर गरी अभियोग दावीबमोजिम नै सजाय गरी पाउँ भनी गर्नु भएको बहस सुनियो ।

३२. यसमा प्रतिवादीहरु अल्टुन कुमार राजबंशी भन्ने धिरेन कुमार राजबंशी, राजीव राजबंशी र दिपेश भन्ने दिपेन्द्र कुमार राजवंशीले आपसी मिलेमतो गरी मूल्य रु.२,०१,०००।- पर्ने को. २६ प. ५६४७ नं. को जाहेरवालाको मोटरसाईकल डाँका गरेकोले निज प्रतिवादीहरुलाई मुलुकी अपराध संहिता २०७४ को दफा २४४ को उपदफा (१) र (२) को देहाय (घ) को कसुरमा ऐ.ऐ. को दफा २४४ को उपदफा (३) को देहाय (ख) बमोजिम सजाय गरी ऐ. दफा २४७ बमोजिम बरामद भएको को. २६ प. ५६४७ नं. बरामदित मोटरसाईकल थान-१ जाहेरवाला प्रमोद दाहाललाई फिर्ता दिलाई पाउन माग दावी लिई वादी नेपाल सरकारको तर्फबाट अभियोग पत्र पेश भएको रहेछ।शुरु मोरङ जिल्ला अदालतबाट फैसला हुँदा प्रतिवादीहरु अल्टुन कुमार राजवंशी भन्ने धिरेन कुमार राजवंशी, राजीव राजवंशी तथा दिपेश भन्ने दिपेन्द्र कुमार राजवंशीले जाहेरवालाको मोटरसाइकल चोरी गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(१) र (२) को देहाय (घ) बमोजिमको कसूर गरेको ठहरी प्रतिवादीहरुलाई सोही दफा २४४(३) (ख) बमोजिम जनही ५ (पाँच) वर्ष कैद र रु.५०,०००।- (पचास हजार) जरीवाना हुने र बरामद मोटरसाइकल जाहेरवालालाई फिर्ता दिलाई दिने ठहरी फैसला भएको देखियो।सो फैसला उपर पुनरावेदक प्रतिवादी राजीव राजवंशी र दिपेश भन्ने दिपेन्द्र कुमार राजवंशीको तर्फबाट उच्च अदालत विराटनगरमा पुनरावेदन परेकोमा उच्च अदालत विराटनगरबाट फैसला हुँदा सुरु मोरङ जिल्ला अदालतको फैसला सो हदसम्म केही उल्टि गरी प्रतिवादीहरुले सोही संहिताको दफा २४२(२) बमोजिम जनही २ (दुई) वर्ष कैद र रु.२०,०००।- (वीस हजार रुपैया जरिवाना हुने ठहरी फैसला भएको रहेछ। अभियोग दावीबमोजिम डाँकाको कसूर कायम गरी सजाय गर्नु पर्नेमा चोरीको कसूर कायम गरी कम सजाय गर्ने गरी गरेको उच्च अदालत विराटनगरबाट भएको फैसला उपर चित्त नबुझाई वादी नेपाल सरकारको तर्फबाट प्रस्तुत पुनरावेदन यस अदालतमा पर्न आएको देखियो।

३३. उल्लिखित तथ्य रहेको प्रस्तुत मुद्दामा मुख्यतः देहायका प्रश्नहरुमा केन्द्रित रही निर्णय गर्नुपर्ने देखिन आयोः

(क) प्रस्तुत मुद्दामा के कस्तो वारदात घटित भएको देखिन्छ ?

(ख) प्रस्तुत मुद्दामा घटित वारदात मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ बमोजिम डाँकाको कसूर हो वा सोही संहिताको दफा २४१ बमोजिम चोरीको कसूर हो ?

(ग) प्रस्तुत मुद्दामा उच्च अदालत विराटनगरबाट मिति २०७९।०५।२८ मा भएको फैसला मिलेको देखिन्छ वा देखिँदैन? र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन?

३४. पहिलो प्रश्न अर्थात **प्रस्तुत मुद्दामा के कस्तो वारदात घटित भएको देखिन्छ** ? भन्ने सम्बन्धमा हेर्दा, उमेश वस्तीको नाममा रहेको को.२६प. ५६४७ नम्बरको मोटरसाईकल मिति २०७७।८।२६ गतेको राती बिनोद अधिकारीको बिवाह घरमा पार्किङ्ग गरी राखेकोमा खोजतलास हुँदा फेला नपरेकोले सोको उजुरी सहितको जानकारी प्रहरी कार्यालयमा गराएको र प्रहरीले ततपश्चात खोज तलास गर्दा मिति २०७७।८।२७ गते बिहानको १०:०० बजेको समयमा सो मोटरसाइकल सहित यी प्रतिवादीहरु पक्राउ परेको भन्ने जाहेरी दरखास्तबाट देखिन्छ।को. २६ प. ५६४७ नं. को मोटरसाइकलमा तीन जना प्रतिवादीहरु सवार भएको अवस्थामा बरामद गरेका हौ भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदकहरुको प्रतिवेदन तथा बकपत्र रहेको देखिन्छ।यी प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा आफूहरु तीन जनाले बिहानको ०२:०० बजेको बिवाह घरको अगाडीपट्टि बाटोमा पार्किङ्ग गरी राखेको मोटरसाईकलको स्टार्ट हुने तार छुटाएर सिधै जोडी केंही टाढासम्म डोराएर पछाडीबाट, ठेल्दै लगी बिराटनगर इटहरी आवत जावत गर्ने सडकमा निस्की मैले मोटरसाईकल चलाई पछाडी दिपेश राजबंशी र राजीव राजबंशी बसी बिराटनगर महानगरपालिका वडा नं. ८ शान्ति चोकको सडक भएर घर जाँदै गरेको अवस्थामा राती अं. ०३:३० बजेको समयमा गस्तीमा रहेको प्रहरी टोलीले हामीलाई मोटरसाईकल सहित शान्ति चोकबाट पक्राउ गरेको भनी घटनाको बारेमा सबिस्तार चित्रण गरेको देखिन्छ ।यी सबै तथ्य र प्रमाणहरुबाट प्रस्तुत मुद्दामा प्रतिवादीहरु तीन जना भई विवाह घरको बाहीर बाटोमा पार्किङ गरी राखेको मोटरसाइकल सुटुक्क चोरी गरी लगेको देखिन्छ । सो समयमा सो वारदात स्थलमा सवारी धनी रहे भएको देखिदैन ।त्यसरी चोरीको वारदात घटित गराउँदा जाहेरवाला वा सवारीधनीसंग कुनै विवाद भएको वा हुलहुज्यत भएको वा बलप्रयोग भएको देखिएन।प्रतिवादीहरुले जाहेरवालाको मोटरसाइकल चोरी गरेको ठहर गरी प्रतिवादीहरुलाई सजाय भए उपर निजहरुको पुनरावेदन परेको नदेखिँएसमेतबाट चोरीको वारदात घटित भएको तथ्य स्थापित थप विश्लेषण गर्न र निजहरुलाई भएको सजायका सम्बन्धमा यहाँ हेरिरहनु पर्ने देखिएन ।

३५. दोस्रो प्रश्न अर्थात **प्रस्तुत मुद्दामा घटित वारदात मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ बमोजिम डाँकाको कसूर हो वा सोही संहिताको दफा २४१ बमोजिम चोरीको कसूर हो ?** भन्ने सम्बन्धमा हेर्दा, मुलुकी अपराध संहिता, २०७४ मा चोरी तथा डाँकाको कसूरका सम्बन्धमा गरिएको कानूनी व्यवस्थालाई यहाँ दृष्टिगत र उल्लेखन गर्नु सान्दर्भिक हुने देखियो। यस संहिताको दफा २४१ को उपदफा (१) मा *कसैले चोरी गर्न वा गराउन हुँदैन* भन्ने र उपदफा (२) मा *उपदफा (१) को प्रयोजनको लागि कसैले अन्य व्यक्तिको स्वामित्व, कब्जा, नियन्त्रण वा जिम्मामा रहेको चल सम्पत्ति आफ्नो बनाउने, उपभोग गर्ने वा लिन खानका लागि त्यस्तो व्यक्तिको मञ्जुरी विना बेइमानीका नियतले लिएमा वा स्थान परिवर्तन गरेमा निजले चोरी गरेको मानिनेछ* भन्ने कानूनी व्यवस्था रहेको छ ।

३६. यसरी नै यही संहिताको दफा २४३ को उपदफा (१) मा *कसैले नकवजनी चोरी गर्न वा गराउन हुँदैन* भन्ने र उपदफा (२) मा *उपदफा (१) को प्रयोजनको लागि कुनै घरमा सो घरको मूल ढोका फोरी वा मूल ढोका बाहेक अन्य कुनै बाटो, स्थान वा तरिका वा साधनबाट प्रवेश गरी चोरी गरेमा वा चोरी गरिसकेपछि मूल ढोका फोरी वा मूल ढोका बाहेक अन्य कुनै बाटो, स्थान वा तरिका वा साधनबाट बाहिर निस्केमा वा निस्कने उद्योग गरेमा निजले नकवजनी चोरी गरेको मानिनेछ* भन्ने व्यवस्था रहेको छ ।

**३७.** साथै यही संहिताको दफा २४४ को उपदफा (१) मा *कसैले डाँका गर्न वा गराउन हुँदैन* भन्ने र उपदफा (२) मा कसैले देहाय बमोजिमको चोरी गरेमा निजले डाँका गरेको मानिनेछ भन्ने कानूनी व्यवस्था रहेको छ ।

(क) चोरी गर्नाका लागि वा चोरी गर्दा वा चोरी गरेको सम्पत्ति लैजान वा चोरी गरेपछि पक्राउबाट बच्नका लागि कुनै व्यक्तिको ज्यान लिएमा वा निजलाई गम्भीर चोट पुऱ्याएमा वा बाँधछाँद वा थुनछेक गरेमा वा सो कुराको उद्योग गरेमा वा तत्काले कुनै व्यक्तिको ज्यान लिने वा निजलाई गम्भीर चोट पुऱ्याउने डरत्रास देखाएमा वा जोखिमी हातहतियार साथमा लिई चोरी गरेमा,

(ख) तत्कालै कसैको ज्यान लिने वा कसैलाई चोट पुऱ्याउने वा नियन्त्रणमा लिने डरत्रास देखाई वा आपराधिक लाभ लिई कुनै रकम वा आर्थिक लाभ प्राप्त गरेमा,

(ग) बाटो घाटो, एकान्त स्थल वा जङ्गलमा ढुकी डर, त्रास देखाई जोखिमी हातहतियार प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई वा चोरी गरेमा ।

(घ) तीन जना वा तीन जनाभन्दा बढीको जमात भई चोरी गरेमा ।

३८. विधायिकाले चोरी, नकबजनी चोरी र डाँकाको कसूर भनी फरक-फरक कसूर कायम गरेको अवस्थामा घटित वारदातको प्रकृति र आपराधिक कार्यका आधारमा ती मध्ये कुन कसूर हो भनी कानूनी व्यवस्था र सो कानूनी व्यवस्थामा सन्निहित विधायिकी मनसायसमेत पहिचान गरी यकिन गर्नुपर्ने हुन्छ। माथिल्लो प्रकरणमा उल्लेख गरिए अनुसार चोरीका सन्दर्भमा हेर्दा संहिताको दफा २४१ को कानूनी व्यवस्था अनुसार डाँका वा नकबजनी चोरी हुने बाहेकको साधारण चोरी गर्ने कार्यलाई विधायिकाले चोरीको कसूर कायम गरेको देखिन्छ। बिगतमा प्रचलनमा रहेको मुलुकी ऐन, चोरीको महलको १ नं. मा भएको व्यवस्थालाई परिष्कृत र परिमार्जित रुपमा प्रस्तुत कानूनी व्यवस्थालाई विधायिकाले निरन्तरता दिएको देखिन्छ। अर्काको स्वामित्व, कब्जा, नियन्त्रण वा जिम्मामा रहेको चल सम्पत्तिलाई कसैले आफ्नो बनाउने, भोग गर्ने, लिने खानका लागि त्यस्तो व्यक्तिको मन्जुरी विना बेइमानीका नियतले लिने वा स्थान परिवर्तन गर्ने कार्य भएमा यस किसिमको चोरीको कसुर कायम हुने देखिन्छ। मूलतः चोरीमा अर्काको चल सम्पत्ति, अनधिकृत व्यक्ति, मन्जुरी नलिएको अवस्था, लिने खाने बेइमानीको नियतले आफ्नो बनाउने उद्देश्य, लैजाने वा स्थान परिवर्तन गर्ने कार्य जस्ता तत्वहरूको विद्यमानता रहने देखियो ।

३९. संहिताको दफा २४३ मा कायम गरिएको नकबजनी कसूर बिगतमा मुलुकी ऐन, चोरीको महलको ३ नं. मा भएको नकबजनी चोरीको कसुरमा रहेका शब्दहरुलाई हेरफेर सहित निरन्तरता दिने गरी कानूनी व्यवस्था गरिएको देखिन्छ। यस किसिमको नकबजनी चोरीमा कुनै घरमा प्रवेश गर्दा वा चोरी गरेर निस्कदा मूल ढोका फोरी वा मूल ढोका बाहेक अन्य कुनै बाटो, स्थान वा तरिका वा साधन प्रयोग गरिन्छ। मूलतः कसूर गर्ने ब्यक्तिले मूल प्रवेशद्वार वा बाटोभन्दा बैकल्पिक बाटो बनाएर चोरी गर्न प्रवेश गरेको वा निस्केको हुनुपर्ने गरी चोरीको कसुरमा हुने अन्य तत्वका अतिरिक्त बैकल्पिक बाटो बनाउने वा प्रयोग गरिने थप तत्व विद्यमान भएमा नकबजनी चोरीको कसूर हुने गरी विधायिकाले कानूनी व्यवस्था गरेको देखिन्छ। यस कानूनी व्यवस्था अनुसार सामान्य रुपमा गरिने चोरीको अवस्था तथा डाँकाको अवस्थाभन्दा पृथक रुपमा अर्थात मुल ढोका फोरी वा त्यस्तो ढोका बाहेकको अन्य बाटो प्रयोग गरेको अवस्थालाई संबोधन गर्ने गरी कसूर कायम गरेको देखिन्छ ।

४०. संहिताको दफा २४४ मा गरिएको डाँकाको कसूर बिगतमा मुलुकी ऐन चोरीको महलको ६ नं. को कानूनी व्यवस्थाको परिमार्जित,परिस्कृत र विशिष्टिकृत स्वरुपमा निरन्तरता दिइएको देखिन्छ। यस दफाको विधायिकी व्यवस्थाको समग्रतामा हेर्दा चोरी गर्दा बलप्रयोगको अवस्था

भएमा डाँकाको कसूर कायम हुने विधायिकी मनसाय रहेको देखिन्छ।यस दफाको उपदफा (२) को खण्ड (क) (ख) र (ग) मा *"चोरी गर्नाका लागि वा चोरी गर्दा वा चोरी गरेको सम्पत्ति लैजान वा चोरी गरेपछि पक्राउबाट बच्नका लागि कुनै व्यक्तिको ज्यान लिएमा वा निजलाई गम्भीर चोट पुर्याएमा वा बाँधछाँद वा थुनछेक गरेमा वा सो कुराको उद्योग गरेमा वा तत्कालै कुनै व्यक्तिको ज्यान लिने वा निजलाई गम्भीर चोट पुऱ्याउने डरत्रास देखाएमा वा जोखिमी हातहतियार साथमा लिई चोरी गरेमा, तत्कालै कसैको ज्यान लिने वा कसैलाई चोट पुऱ्याउने वा नियन्त्रणमा लिने डरत्रास देखाई वा आपराधिक लाभ लिई कुनै रकम वा आर्थिक लाभ प्राप्त गरेमा वा बाटो घाटो, एकान्त स्थल वा जङ्गलमा ढुकी डर, त्रास देखाई जोखिमी हातहतियार प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई वा चोरी गरेमा"* डाँका गरेको मानिने गरी स्पस्ट व्यवस्था रहेकोमा यही उपदफाको देहाय (घ) मा *"तिन जना वा तिन जना भन्दा बढीको जमात भई चोरी गरेमा डाँका गरेको मानिने"* भनी कानूनी व्यवस्था रहेकाले चोरी गर्दा तीन जना वा सो भन्दा बढी ब्यक्तिको संलग्नता वा उपस्थिति भएको कारणले मात्र डाँकाको कसूर हुन पर्याप्त हुने हो वा चोरी गर्दा प्रतिवादीहरुले बल प्रयोग वा हुलहुज्यत वा जबरजस्तीसमेत गरेको हुनुपर्ने हो भन्ने सम्बन्धमा यहाँ विश्लेषण गर्नु आवश्यक देखिएको छ ।

४१. डाँकाको कसुर चोरीका स्वरूप वा कसूर मध्ये अति नै गम्भीर स्वरुप वा कसुर हो भन्ने कुरामा कुनै विवाद हुन सक्दैन र कसैको बिमती रहन्छ भन्ने लाग्दैन। डाँकाको कसूरको सम्बन्धमा छलफल गर्दा डाँका शब्दको स्वभाविक अर्थ, यस कसूरको प्रकृति र यसको अवधारणागत पक्षमा दृष्टिपात गर्नुपर्ने हुन्छ ।नेपाली बृहत् शब्दकोषमा डाँकालाई अरुको धनमाल आदि जबरजस्ती धुतेर वा लुटेर लिने भनी अर्थ दिइएको छ ।[1] ब्ल्याक्स ल डिक्सनरीमा वास्तविक मालिकलाई निजको सम्पत्ति वा माल वा बस्तुमा स्थायी रूपमा वञ्चित गर्ने उद्देश्य निजको इच्छा विरुद्ध बल र डर प्रयोग गरेर लिने जघन्य कार्य भनी परिभाषित गरिएको देखिन्छ ।[2] यी दुवै शब्दकोषमा गरिएको परिभाषामा डाँकाका लागि बल वा डरको प्रयोग (using force and fear) आवश्यक मानिएको देखिन्छ ।

---

[1] बृहत् नेपाली शब्दकोष,नेपाल प्रज्ञा प्रतिष्ठान,काठमाडौं,पुनर्मुद्रित तथा संशोधित र परिवर्धित सातौं संस्करण २०६७ पृष्ठ ५३२

[2] Black, H. and Black, H., n.d. Black's law dictionary.
Robbery is as the felonious act of taking the personal property in the possession of another from his person or immediate presence against his will accomplished using force and fear, with an intention of permanently depriving the true owner of the thing in question.

४२. डाँकाको नाम वा अवधारणागत पक्षबाटै यसमा बल प्रयोगको आवश्यकता उद्बोध हुने वा बलप्रयोगको तत्व अन्तरनिहित हुनुपर्ने भन्ने अर्थबोध हुन्छ। कुनै बस्तु चोरी गर्दाका अवस्थामा सो चोरी गर्नका लागि धनी वा वारदातस्थलमा उपस्थित कुनै व्यक्ति विरुद्ध बल प्रयोग वा जोरजबरजस्ती वा हुलहुज्यत गरी चोरी गरिएमा त्यो डाँकाको कसूर हुने हुन्छ। चोरी र डाँकाको बीचको मुख्य भिन्नता भनेको बल प्रयोग वा धम्की हो। बल वा त्यसको धम्की बिना कुनै चीज चोरी भएको अवस्थालाई सामान्यतयाः चोरीको रूपमा लिइन्छ। तर जब त्यस्तो चोरी गर्दा बल वा हिंसाको प्रयोग वा धम्की समावेश हुन्छ तब त्यस्तो कार्य डाँकाको कसूर हुने हुन्छ ।

४३. डाँका सम्बन्धी अन्य मुलुकको व्यवस्था पनि यहाँ उल्लेखन सान्दर्भिक देखिन्छ ।यस सन्दर्भमा भारतीय न्याय संहिता,२०२३ को दफा ३०९ मा चोरी गर्न, वा चोरीबाट प्राप्त सम्पत्ति लैजान वा लैजान प्रयास गर्न, कसूर गर्ने ब्यक्तिले कुनै व्यक्तिलाई मृत्यु वा चोट पुऱ्याउने वा गलत नियन्त्रण गर्ने, वा तत्काल मृत्यु वा तत्काल चोट पुऱ्याउने डर, त्रास दिने वा तत्काल गलत नियन्त्रण गर्ने काम गर्छ वा गराउने प्रयास गर्छ भने त्यस्तो चोरीलाई र तत्काल मृत्यु वा चोट पुऱ्याउने वा नियन्त्रण गर्ने डरमा राखेर जबरजस्ती रकम असुल्छ र त्यसरी डराएर डराएको व्यक्तिलाई जबरजस्ती रकम बुझाउन प्रेरित गरी जबरजस्ती रकम असुल्ने कार्यलाई robbery को कसूर कायम गरिएको छ। यसरी नै यस संहिताको दफा ३१० मा जब पाँच वा सोभन्दा बढी व्यक्तिहरूले संयुक्त रूपमा robbery गर्छन् वा गर्ने प्रयास गर्छन् वा जहाँ संयुक्त रूपमा robbery गर्ने वा गर्ने प्रयास गर्ने व्यक्तिहरू र त्यस्तो कार्य वा प्रयासमा उपस्थित हुने र सहयोग गर्ने व्यक्तिहरूको सम्पूर्ण संख्या पाँच वा सोभन्दा बढी हुन्छ, त्यसरी गर्ने, प्रयास गर्ने वा सहयोग गर्ने प्रत्येक व्यक्तिलाई डकैतीको कसूरदार मानिने कानूनी व्यवस्था देखिन्छ ।[३]यस व्यवस्था अनुसार भारतमा पाँच जनाको संख्या भएर मात्र नहुने त्यसका लागि बल प्रयोग वा त्यसको धम्कीको पूर्व शर्त पनि आवश्यक पर्ने गरी कानूनी व्यवस्था रहेको देखिन्छ। डाँकाको कसूर कायम हुन हिंसा वा धम्की अनिवार्य हुने र डर, त्रास, धम्कीको माध्यमद्वारा धनमाल जवरजस्ती लैजाने कार्य भएमा डाँकाको कसूर मानिने गरी भारतीय अदालतबाट फैसला भएको देखिन्छ।[४]

[३] When five or more persons conjointly commit or attempt to commit a robbery, or where the whole number of persons conjointly committing or attempting to commit a robbery, and persons present and aiding such commission or attempt, amount to five or more, every person so committing, attempting or aiding, is said to commit dacoity

[४] उदाहरणका लागि Theft must be committed using either actual violence or threatened violence as it is essential element of dacoity offence.- High court of Patna, Musafir Rajbhandari vs state of Bihar (2001)

४४. बेलायतको Theft act 1968 को दफा ८ को उपदफा (१) मा यदि कुनै व्यक्तिले चोरी गर्ने गर्नका लागि चोरी गर्दाको अवस्थामा वा चोरी गर्नुभन्दा तत्काल अघि कुनै पनि व्यक्तिमाथि बल प्रयोग गर्छ वा कुनै पनि व्यक्तिलाई तत्काल बल प्रयोग हुने डरमा राख्छ वा राख्न खोज्छ भने त्यो डाँकाको कसूर हुने व्यवस्था रहेको छ ।[५] त्यहाँका अदालतबाट विभिन्न मुद्दामा डाँकाका लागि बल वा धम्की आवश्यक पर्ने भनी ब्याख्या भएको देखिन्छ ।[६] यसरी बेलायतको कानूनी व्यवस्था तथा अदालती अभ्यासमा डाँकाका लागि सामान्य भएपनि बल प्रयोग हुनुपर्ने वा बलप्रयोगको धम्की वा डर दिनुपर्ने आधारभूत तत्वको रुपमा राखेको पाइन्छ ।

४५. अमेरिकामा (Hobbs Act of 1946 (18 U.S.C. § 1951) मा कुनै व्यक्तिबाट वा कसैको उपस्थितिमा, उसको इच्छा विरुद्ध, वास्तविक वा धम्कीपूर्ण बल, हिंसा, वा चोटपटकको डरद्वारा, तत्काल वा भविष्यमा, उसको व्यक्ति वा सम्पत्ति, वा उसको कब्जामा वा कब्जामा रहेको सम्पत्ति, वा नातेदार वा उसको परिवारको सदस्य वा उसको कम्पनीमा रहेको कसैको व्यक्ति वा सम्पत्ति लिने वा प्राप्त गर्ने समयमा गैरकानूनी रूपमा व्यक्तिगत सम्पत्ति लिनु वा प्राप्त गर्नुलाई डाँका कसूर मानिने व्यवस्था रहेको छ।[७] अमेरिकी अदालतले डाँकामा भौतिक बल(Physical Force) प्रयोग आवश्यक हुने ब्याख्या गरेको देखिन्छ ।[८]

४६. नेपालको मुलुकी अपराध संहितामा भारतको न्याय संहितामा जस्तो Robery र Dacoity को सम्बन्धमा फरक-फरक कसुर कायम गरिएको छैन। यहाँ चोरी ( Theft) नकबजनी चोरी (Burglary) र डाकाको कसुर (Robery) अलग-अलग रुपमा कसूर कायम गरिएको छ। वेलायत तथा अमेरिकामा पनि भारतमा जस्तै Docoity को छुट्टै कसुर कायम गरिएको

---

[५] A person is guilty of robbery if he steals, and immediately before or at the time of doing so, and in order to do so, he uses force on any person or puts or seeks to put any person in fear of being then and there subjected to force.

[६] उदाहरणका लागि

- R v Hale [1978] 68 Cr App R 415 - Force used after or before taking someone’s property comes under Rubbery.
- B and R v Director of Public Prosecutions (2007) EWHC 739- “Put in Fear” through verbal or some acts for taking someone property is rubbery.

[7] Whoever in any manner obstructs, delays, or affects commerce or the movement of commerce by robbery or extortion or attempts, conspires, or threatens physical violence to a person or property in furtherance of a plan to do anything in violation of this statute shall be fined or imprisoned up to twenty years, or both.

[८] उदाहरणका लागि *Stokeling v. United States* (2019): The Supreme Court held that a robbery offense, which has as an element the use of force sufficient to overcome a victim's resistance, is categorically a "violent felony" under the Armed Career Criminal Act (ACCA). The court ruled that the "physical force" required for this classification means more than minimal contact, but not necessarily "force reasonably expected to cause pain or injury".

छैन। robbery मा नै डाँकाको कसुर समेत समावेश रहेको देखिन्छ। अमेरिका, भारत, बेलायतको चोरी तथा डाँकाको कसूर सम्बन्धी कानूनी व्यवस्थाको अध्ययन गर्दा चोरीमा अर्काको सम्पति लिने दुषित मनशाय रहने, त्यस्तो सम्पति चल हुनुपर्ने, त्यस्तो सम्पति अरु कसैको स्वामित्व वा भोगमा रहेको हुने, त्यस्तो सम्पति हरण गर्दा स्वामित्वकर्ता वा भोगकर्ताको मन्जुरी नरहने, धनीलाई थाहा वा जानकारी नलिई सो सम्पतिमा कव्जा गरिएको हुने जस्ता तत्वहरु अन्तरनिहित रहने देखिन्छ। साथै डाँकाको कसुर हुनको लागि त्यस्तो चोरी गर्दा बल प्रयोग वा बल प्रयोगको धम्की वा जबरजस्तीको तत्व आवश्यक पर्ने देखिन्छ।

४७. कुनै पनि कानूनी व्यवस्थाको ब्याख्या गर्दा एकाङ्की (Isolated), जडबत (Static) र यान्त्रिक (Mechanical) रुपमा ब्याख्या गर्नु हुदैन। कानूनको ब्याख्या र प्रयोग गर्दा न्यायको उद्देश्य अभिबृद्धि, सार्वजनिक, सामाजिक तथा बैयक्तिक हित बीच सामञ्जस्यता एवं सन्तुलन हुने गरी गर्नु पर्दछ। कानूनको शाब्दिक अर्थ गर्नुपर्ने कानून व्याख्याको प्रमुख नियम भएतापनि त्यस्तो व्याख्याबाट वास्तविक न्याय प्राप्त हुँदैन भने कानूनको उदार व्याख्या गर्दै व्याख्याको स्वर्णिम नियम (Golden rule) प्रयोग गरी न्यायका उपभोक्तालाई वास्तविक न्याय पर्ने तवरबाट कानूनको व्याख्या गर्नु न्यायकर्ताको दायित्व हुन्छ ।यसैले ब्याख्या गर्दा प्रयोग भएका शब्दहरुमा मात्र अडिई शाब्दिक ब्याख्या गर्नुको सट्टा कानूनको उद्देश्य पुरा हुने गरी ब्याख्याको स्वर्णिम नियम (The Golden Rule of interpretation) का आधारमा कानून तर्जुमा वा संशोधनको पृष्ठभूमि र आवश्यकता समेतलाई दृष्टिगत गरी कानूनको प्रयोजनपरक (Purposive Interpretation of Law) रुपमा व्याख्या गर्नु समुचित हुन्छ ।

४८. कानूनले मानवीय व्यवहारलाई नियमित र व्यवस्थित गर्दछ। के कुन कार्य गर्न हुने र के कुन कार्य गर्न नहुने भन्ने कानूनले व्यवस्था गर्दछ। सामाजिक मूल्य, मान्यता र प्रचलनले यस्तो कानून तर्जुमा गर्न आधार, दबाब र प्रभाव पारेको हुन्छ। समयको परिवर्तन र विकासको क्रमसँगै राज्यहरूले सामाजिक मूल्य मान्यताका आधारमा समाजका अस्वीकार्य कार्यहरूलाई कानूनद्वारा निषेधित गरी त्यस्ता कानूनको उल्लङ्घनमा सजाय गरी समाजमा शान्ति व्यवस्था र सामाजिक सम्बन्ध, सद्भाव र अनुशासन कायम गर्ने अभ्यास गर्दै आएका छन्। कानूनको प्रभावकारी कार्यान्वयनको माध्यम दण्ड हो भन्ने मान्यतालाई आत्मसात् गरेर नै विधायिकाले कुनै कार्यलाई अपराधीकरण वा कसूर कायम गरी सजायको व्यवस्था गरेको हुन्छ। अपराधीकरणका सिद्धान्तहरूमा वैयक्तिक स्वतन्त्रताको सिद्धान्त, कल्याणकारी सिद्धान्त,

हानिको सिद्धान्त र सार्वजनिक गल्तीको सिद्धान्त, न्यून अपराधीकरणसम्बन्धी दृष्टिकोण नैतिक रूपमा गलत व्यवहार र अप्रत्यक्ष हानि समेत रहेको देखिन्छ। यसैले विधायिकाले कुनै कार्यलाई अपराधिकरण वा कसूर कायम गर्दा त्यस्तो कार्यको गाम्भीर्यताको अवस्था हेरी आवश्यक हदमा मात्र कसूर कायम गरेको मान्नुपर्ने हुन्छ र सोही अर्थमा कानूनको प्रयोग र ब्याख्या गरिनु पर्छ। यसरी हेर्दा प्रस्तुत मुद्दामा बल वा जबरजस्तीका तत्व बिना तीन जना वा सो भन्दा बढी संख्या संलग्न भएकै आधारमा विधायिकाले डाँकाको कसूर कायम गरेको हो भन्ने कुरा अपराधिकरणको सिद्धान्त र यसको आधारभूत मान्यताका आधारमा पनि स्वभाविक मान्न सकिदैन ।

४९. कानुनको व्याख्याको सवैभन्दा उत्तम र आधारसम्मत (Rational) विधि भनेको विधायिकी मनसाय पत्ता लगाउनु नै हो। यसैले कानूनको अर्थ वा व्याख्या गर्दा कुनै शब्द वा बाक्यांशलाई मात्र टपक्क टिपी अर्थ गर्नुभन्दा त्यस्तो कानूनी व्यवस्थाको मुख्य अवधारणा, मर्म र भावनालाई विधायिकाले कानून तर्जुमा गर्दा ध्यान दिएको प्रसङ्ग(Context) लाई हेर्नु पर्छ। कानुनको प्रयोग र व्याख्या गर्दा कानुनमा व्यवस्थित कुरालाई विधायिकी उद्देश्यलाई अभिवृद्धि गर्ने गरी ब्याख्या गर्नु न्यायकर्ताको कर्तव्य हुन्छ।[९]यही आलोकमा मुलुकी अपराध संहिता, २४४ मा डाँकाका लागि जुन तत्वहरु उल्लेख गरिएको छ, ती तत्वहरुलाई मसिनोसँग केलाएर डाँकाको कसूरका सम्बन्धमा निष्कर्षमा पुग्नु युक्तियुक्त हुन्छ। सो दफाको उपदफा (२) को खण्ड( क) देखि (ग) सम्म उल्लेख गरिएको अवस्थाहरु आफैमा स्पष्ट छन। चोरीको कसुर गर्दाका वखत केही खास परिस्थतिमा सो चोरीको कसुर डाँकाको कसुर हुन पुग्छ र यसको लागि सो चोरीको कसुरमा कति जना व्यक्तिहरु संलग्न थिए भन्ने सङ्ख्याको प्रश्नको कुनै स्थान रहदैन। सो खण्ड क देखि ग सम्मका अवस्था रहेमा एक जना व्यक्तिवाट पनि डाँकाको कसुर हुने हुन्छ।

५०. जहाँससम्म खण्ड (घ) को प्रावधान छ, शाब्दिक रुपमा वा सतही रुपमा वा झलक्क हेर्दा तीन जना वा सो भन्दा बढि व्यक्तिले चोरीको कसुर गरेमा सो कसुर स्वतः डाँकाको कसुर हुने होकी भन्ने देखिन वा अर्थ लाग्न सक्छ। डाँकाको कसुर हुनको लागि आवश्यक पर्ने अबस्थाहरुलाई खण्ड (क) देखि (ग) सम्म उल्लेख गरिसकेपछि छुटै खण्ड (घ) राखिएको कारणले पनि त्यस्तो अर्थ गर्नको लागि बल पुग्न सक्छ। तर सो सो खण्डमा तीन जना वा

[९] Statutary language is not read in isolation, but in its context Maxwell on interpretation of status,12th ed at 47

तीन जना भन्दा बढीको जमात भइ चोरी गरेमा भन्ने वाक्याँश प्रयोग हुँदा प्रयुक्त जमात भई भन्ने शव्दहरुलाई पनि उत्तिकै महत्व दिएर वा ख्याल गरेर वा वोध गरेर मात्र सो खण्डको अर्थ गरिनु पर्छ। किनकी शाव्दिक रुपमा हेर्दा तीन जना वा तीन जना भन्दा बढी भई चोरी गरेमा भन्ने वाक्यांश प्रयोग गर्दा पनि स्वभाविक अर्थ निस्कन सक्थ्यो र जमात भई भन्ने शव्दहरु प्रयोग गर्न आवश्यक हुने थिएन। बिधायिकाले जमात भइ भन्ने शब्द राख्नुको निश्चित प्रयोजन वा कारण रहन्छ। सामान्य अर्थमा जमात भइ भनेको हुल भइ वा हुल वाधेर वा जत्थाको स्वरुपमा भन्ने बुझिन्छ र यस्तो जमातमा जमातको चरित्र हुनु वा देखिनु पर्छ। जमातको त्यस्तो चरित्र हुनका लागि कुनै न कुनै रुपमा हुलहुज्यत वा जबरजस्ती वा बल प्रयोग भएको वा सो को धम्कीको तत्व वा अवस्था देखिनु पर्छ। यस आलोकबाट हेर्दा यदी तीन जना वा सो भन्दा बढी व्यक्तिहरुले चोरी गर्ने क्रममा वा चोरी गर्दाका अवस्थामा वारदातस्थलमा रहेका मालधनी वा अन्य कुनै व्यक्तिलाई सो चोरी गर्ने तीन जना वा सो भन्दा बढीको जमातबाट हुलहुज्यत वा बल वा जबरजस्ती जस्ता जमातको चरित्र देखाई चोरी गरेमा डाँकाको कसुर हुने गरी बिधायिकाले व्यवस्था गरेको सहजै बोध गर्न सकिन्छ।

५१. माथिल्ला प्रकरणहरुमा गरिएको विश्लेषण र ब्याख्याका आधारभूत मान्यताका सापेक्षतामा हेर्दा, मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ उपदफा (२) को खण्ड (घ) मा रहेको तीन जना वा तीन जना भन्दा बढीको जमात भइ चोरी गरेमा भन्ने वाक्याँशलाई एकाङ्की (Issolation) रुपमा नहेरी खण्ड (क) देखि (ग) सम्मको अवस्था, सादृश्यता र समग्रता तथा ती कानूनी ब्यवस्थासंग सुसंगत र सामाञ्जस्यता (Harmonised) हुने गरी सो खण्ड (घ) लाई हेरी ब्याख्या वा प्रयोग गर्नु वान्छनीय हुन्छ। बस्तुतः डाँकाको कसुर गम्भीर कसुर भएकोले खण्ड (घ) बमोजिमको डाँकाको कसूर हुनका लागि तीन वा तीनभन्दा बढी ब्यक्तिको वारदातमा संलग्नता मात्र पर्याप्त हुँदैन। यस खण्ड बमोजिम डाकाको कसुर हुनको लागि सो संख्याको अतिरिक्त त्यस्तो संख्याको जमातबाट न्यूनतम (Minimal) रुपमा भएपनि वारदातका अवस्थामा शक्ति प्रयोग गरिएको वा त्यसको डर त्रास धम्की दिएको वा हुल हुज्जत गरी जवरजस्ती चोरी गरिएको वा सम्पतिको हरण गरिएको अवस्थाको विद्यमानता हुनु आवश्यक हुन्छ ।

५२. अन्तिम प्रश्न अर्थात **प्रस्तुत मुद्दामा उच्च अदालत विराटनगरबाट मिति २०७९।०५।२८ मा भएको फैसला मिलेको देखिन्छ वा देखिँदैन ? र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ?** भन्ने सम्बन्धमा हेर्दा, माथिल्ला प्रकरणहरुमा विश्लेषण

व्याख्या गरिए अनुसार मुलुकी अपराध संहिता २०७४ को दफा २४४ को उपदफा (२) खण्ड (घ) मा रहेको तीन जना वा तीन जना भन्दा बढीको जमात भइ चोरी गरेमा भन्ने वाक्यांश अनुसार डाँकाको कसूर हुनका लागि तीन वा तीनभन्दा बढी ब्यक्तिको वारदातमा संलग्नता मात्र पर्याप्त नभई सो संख्याको अतिरिक्त त्यस्तो संख्याको व्यक्तिहरुबाट वारदातका अवस्थामा हिंसा वा बल वा शक्ति प्रयोग गरी वा हुल हुज्जत गरी वा डरत्रास, धम्की दिई जवरजस्ती चोरी गरिएको वा सम्पतिको हरण गरिएको अवस्थाको विद्यमानता हुनु आवश्यक हुनेमा प्रस्तुत मुद्दामा यी प्रतिवादीहरुले मोटरसाइकल धनीले विवाह घरको बाहीर बाटोमा राखेकोमा निजले थाहा जानकारी नपाइकन त्यहाँबाट चोरी गरेको देखिन्छ। त्यसरी चोरी गर्दा मालधनी वा अरु कुनै व्यक्ति वारदातस्थलमा रहेको देखिदैन। यसरी मालधनी वा अरु कुनै ब्यक्ति वारदातस्थलमै नरहेको हुँदा बल प्रयोग वा जवरजस्तीको अवस्था रहेको पनि पाइएन। यस अवस्थामा प्रस्तुत वारदात डाँकाको वारदात नभई चोरीको वारदात मान्नु पर्ने देखिन आयो। त्यसो हुँदा प्रतिवादीहरुलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४२(२) बमोजिम सजाय गरेको उच्च अदालतको फैसला मनासिब हुँदा वादी नेपाल सरकारको पुनरावेदन, विद्वान सरकारी वकीलको बहस र यस अदालतबाट प्रत्यर्थी झिकाउँदा ग्रहण गरिएका आधारसंग सहमत हुन सकिएन ।

५३. तसर्थ माथि विवेचित आधार र कारणहरुबाट प्रतिवादीहरु अल्टुन कुमार राजवंशी भन्ने धिरेन कुमार राजवंशी, राजीव राजवंशी र दिपेश भन्ने दिपेन्द्र कुमार राजवंशीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(१) र (२) को देहाय (घ) बमोजिम डाँकाको कसूर कायम गरी सोही दफा २४४(३) (ख) बमोजिम जनही ५ (पाँच) वर्ष कैद र रु.५०,०००।- (पचास हजार) जरीवाना हुने ठहऱ्याई सुरु मोरङ जिल्ला अदालतबाट मिति २०७८।०६।१२ मा भएको फैसला केही उल्टी गरी प्रतिवादीहरुलाई सोही दफा २४२(२) बमोजिम जनही २ (दुई) वर्ष कैद र रु.२०,०००।- (वीस हजार रुपैया) जरिवाना सजाय हुने ठहऱ्याई उच्च अदालत विराटनगरबाट मिति २०७९।०५।२८ मा भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

५४. फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई नक्कल माग्ने सरोकारवालालाई लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनू। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी

फैसलाको विद्युतीय प्रति सफ्टवेयर प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाईदिनू।

---------------------

**महेश शर्मा पौडेल**

न्यायाधीश

उक्त रायमा सहमत छु।

------------------

**मनोजकुमार शर्मा**

न्यायाधीश

इजलास अधिकृत :दिपेन्द्र कुमार तिवारी

कम्प्युटर अपरेटर : सुमित कुमार झा

ईति संवत् २०८२ साल मार्ग महिना ३ गते रोज ४ शुभम् ............................।